बैठक संख्या: १०

श्री:

आज मिति २०७६ साल फाल्गुण १८ गते विहान ८:३० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्रवहादुर कुंवर | उपसचिव प्रा. |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

प्रस्तावहरूः

(१) समपुरक अनुदानको बचेको रकम बाट ठेक्का आव्हान गर्ने सम्बन्धमा ।

(२) आय ठेक्कामा छुट दिने सम्बन्धमा ।

(३) नेपाल रेटक्रस सोसाइटीको सँस्थागत सदस्यता नविकरण सम्बन्धमा ।

(४) स्थानीय बन ऐन, २०७६ सम्बन्धमा ।

(५) तराई मधेश संवृद्धि कार्यक्रम तर्फको योजना छनौट सम्बन्धमा ।

(६) बर्दघाट नगरपालिका सार्बजनिक तथा निजी जग्गा बाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन तथा संकलन कार्यलाई ब्यवस्थित गर्ने कार्यविधी, २०७६ सम्बन्धमा ।

(७) बर्दघाट नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सम्बन्धमा ।

(८) बर्दघाट नगरपालिकाको वाल मैत्री कार्ययोजना, २०७६ सम्बन्धमा ।

(९) नगर परिक्षा वोर्ड सञ्चालन कार्यविधि, २०७६ सम्बन्धमा ।

(१०) धरौटी रकम फिर्ता सम्बन्धमा ।

(११) बाटो कालोपत्रे योजना कार्यान्वयन सम्बन्धमा ।

(१२) छैंटौ नगरसभा सम्बन्धमा ।

(१३) विविध ।

क) राहत सम्बन्धमा

नि.नं. १०.१ः प्रस्ताव नं. १ माथि छलफल गदा चालु आ.व.मा प्रदेश समपुरक तर्फको योजनामा ठेक्का प्रक्रियाबाट योजना कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धीत ठेकेदार कम्पनीहरूबाट लागत अनुमान भन्दा कम मूल्यमा काम गर्न कवोल गरेअनुसार सम्झौता भएका देहायअनुसारका योजनाहरूमा विनियोजन भएको वजेट वचत भएकोले ५ नं प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त परिपत्रको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार सिलवन्दि वोलपत्र/सिलवन्दी दरभाउपत्र माग गरी सम्बन्धित आयोजनाहरू मध्ये कै वाँकी काममा उक्त वचत रहेको वजेट परिचालन गर्ने गरी आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम र योजना स्थल | विनियोजित वजेट | सम्झौता रकम | वाँकी रकम | खरिद विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ को कार्यालय देखी पूर्व वेलहानी ,खानेपानी ट्याङ्की देखी पूर्व जमुनिया सडक सम्म कालोपत्रे तथा भटौलिया हाट वजार | ६,000,000.00 | ३६२६६०७.३१ | २२२६८७९.५ | वोलपत्र | प्रदेश समपुरक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्तरिकरण, वडा नं. १, ७, १२ र १३ | | | | | |
| २ | भटौलिया ह्याचरी हुँदै लगुनाहा सडक स्तरिकरण, वडा नं. १२ र ३ | ५०००००० | २८८१६८३.२९ | १९९३४७६.७ | सि.दरभा उपत्र | प्रदेश समपुरक |
| ३ | चिसापानी शिवालय पराजुली चोक हुंदै वुटाहाताल गौडाहा सडक तथा त्रिवेणी सडक देखी नवजिवन हुँदै सेन्टर प्लट, वडा नं. २,११ र ४ | ५०००००० | ३०९१०६३.१३ | १७८५९०८.९ | सि.दरभा उपत्र | प्रदेश समपुरक |
| ४ | सिमा सडक देखी लोकाहा टोल हुंदै वरूवा सडक स्तरिकरण तथा कालुको घर देखी बनदेवी मन्दिर हुंदै जाने सडक स्तरिकरण, वडा नं. १५ र १६ | ७०००००० | ३९३१७८४.७१ | २८८६७०३.६ | वोलपत्र | प्रदेश समपुरक |
| ५ | पाल्डाडा हेल्थपोष्ट देखी रेवती गोमाता स्कूल हुंदै कञ्चनगढी, वडा नं. ५ | ५०००००० | २८९६४०८.९ | १९६८६४०.६ | सि.दरभा उपत्र | प्रदेश समपुरक |
| ६ | भानु प्रा.वि. वरीपरीको सडक, गुम वहादुर खत्रीको घर देखी सरावल गापाको सिमा सडक,लण्डन व्रिज देखी अलावल गांउ जाने वाटो स्तरिकरण ,वडा नं ८ को | ७०००००० | ४१६७२७४.४६ | २६५१६८१.६ | वोलपत्र | प्रदेश समपुरक |

|  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|
|  | सिमानादेखी विजयपुर गांउ सम्म वाटो स्तरिकरण, वडा नं. ८,९, १० र ११ |  |  |  |  |  |

नि नं १०.२ः प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत तपसिलका विभिन्न शिर्षकहरूमा १ वर्षको लागि आन्तरिक राजश्व उठाउने सन्दर्भमा ठेक्का आव्हान भै आधिकारीक व्यक्ति तथा कम्पनीहरूबाट राजश्व उठाउने कार्य भैरहेकोमा विविध कारणबाट पुरा समय अवधि राजश्व उठाउन नपाएको कारण जनाई रकम फिर्ताको लागि निवेदन दिएका तपसिल बमोजिमका आय ठेक्का सँग सम्बन्धित व्यक्ति/कम्पनीहरूको रकम फिर्ताको (छुट) निवेदन पेश हुन आएकोले तपसिल बमोजिमका व्यक्ति/कम्पनीहरूको तपसिल बमोजिमको रकम फिर्ता प्रक्रियालाई व्यवस्थित गर्न "बर्दघाट नगरपालिकाको आर्थिक ऐन, २०७६" र "विनियोजन ऐन, २०७६" संशोधन को लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | आय ठेक्काको नाम | सम्बन्धित व्यक्ति/कम्पनीको नाम | फिर्ता पाउनु पर्ने रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | मंगलवारे पाडा बजार, बर्दघाट, १३ | नवराज ढकाल | ६,१८,००६।३७ | आ.व. ०७६/७७ मा एकमुष्ठ रकम रु ४५,९०,९०४।५ वुझाएकोमा नगरपालिकाले उठाएको ५ वटा बजार र दशै, तिहारको सन्दर्भमा २ बटा समेत गरी ७ वटा बजारको रकम दामासाहीले फिर्ता गर्नु पर्ने । |
| २ | शुक्रवारे हाटवजार, बर्दघाट, ९ | धुव्र बम वहादुर थापा | रु ६११८२ | आ.व. ०७५/७६ मा एकमुष्ठ रकम रु ४५४,५०० वुझाएकोमा ७ वटा बजारको रकम दामासाहीले फिर्ता (हाटवजार भित्र सेड निर्माण भएकोले) |
| ३ | वुधवारे हाटवजार, बर्दघाट-२, चिसापानी | विकास थापा | रु ३६७७५ | आ.व. ०७६/७७ मा एकमुष्ठ रकम रु ३,८२,५०० वुझाएकोमा ५ वटा बजारको रकम स्थानीय सामुदायिक वनले उठाएको र समझदारी कायम हुन नसकेकोले फिर्ता |

नि नं १०.३ः प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सँस्थागत सदस्यको रूपमा रहेको यस नगरपालिकाको सदस्यता नविकरण गर्न सम्बन्धित सँस्थाबाट अनुरोध गरिए अनुसार वार्षिक नगर विकास योजनाको सि.नं ३८० मा

विनियोजित अन्य सहायता शिर्षकबाट सदस्यता नविकरण बापतको शुल्क रू २५,००० माग भएवमोजिम सँस्थाको खातामा निकाशा गर्ने निर्णय गरियो ।

नि.नं १०.४ः प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बर्दघाट नगरपालिकाले तयार गरेको बर्दघाट नगरपालिकाको "स्थानीय वन ऐन, २०७६" को विधेयक विषयगत र विद्यायन समितिबाट दफावार छलफल गराई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० वमोजिम नगरसभामा पेश गर्ने निर्णय गरियो ।

नि.नं १०ः५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा तराई– मधेश संवृद्दि कार्यक्रम, केन्द्रिय समन्वय इकाईको तर्फबाट आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी मिति ०७६/१०/२८ मा प्रकाशित सूचना अनुसार तराई-मधेश समृद्दि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ (दोश्रो सँसोधन ०७६/१०/१८) अनुसार आगामी आ.व. २०७७/०७८ को लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरूबाट फाल्गुण मसान्त सम्म कार्यक्रम पेश गर्न आव्हान भएबमोजिम भौतिक पूर्वाधारको क्षेत्रमा देहायबमोजिमका सडकहरू र मानवसंशाधन लगायतका समन्वय ईकाइबाट संचालन हुने विभिन्न कार्यक्रमहरू संचालन गर्न कार्यक्रम सहितको प्रस्ताव तयार गरी माग गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १. | भट्टराई राईस मिल- मर्चाघोलाबाट शिवशक्ति टोल- डाडाँटोल- ओमशान्ति हुदै लोकमार्ग जोड्ने बाटो | बर्दघाट-४ | | |
| २. | विद्युत पूर्व टोला-वण्डाघोला- पाल्डाडा उत्तरबाट रा.मा.वि त्रीवेणी सडक जोड्ने बाटो | बर्दघाट-५, र ७ | | |
| ३. | सिसहनियाको चोक र नहरको पुल देखी उत्तर तर्फ उचमिटार्डी सिमानाबाट पश्चिम बर्मेलीटोल हुँदै पोखरी टोलको शिवालय मन्दिर सम्मको कृषि सडक कालोपत्रे | बर्दघाट, १३ | | |

नि.नं १०.६ः प्रस्ताव नं. (६) माथी छलफल गर्दा बर्दघाट नगरपालिका "सार्बजनिक तथा निजी जग्गा वाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन तथा संकलन कार्यलाई न्यवस्थित गर्ने कार्यविधी, २०७६" स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं १०.७ः प्रस्ताव नं. (७) माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं १०.८ः प्रस्ताव नं (८) माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको बाल मैत्री कार्ययोजना, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं १०.९ः प्रस्ताव नं. (९) माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको "नगर परिक्षा बोर्ड सञ्चालन कार्यविधि, २०७६ " स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं. १०.१० : प्रस्ताव नं (११) माथी छलफल गर्दा आ.व ०७५/७६ मा नेपाल सरकार अर्थ मन्त्रालयबाट शसर्त अनुदान तर्फ श्वास्थ्य केन्द्र नभएका वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि बजेट प्राप्त भएकोमा ठेक्का नं ३१/०७५/७६ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण बर्दघाट, १० र ठेक्का नं ३३/०७५/७६ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण बर्दघाट, १२ को ठेक्का सम्झौताको लागि जेनीथ कन्स्ट्रक्सन सरावल, १ लाई मिति ०७६/३/२७ मा पत्राचार गरिएकोमा उक्त कम्पनी निर्धारित समयमा सम्झौताको लागि उपस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा उक्त शिर्षकमा विनियोजित बजेट फिर्ता भएकाले चालु आ.व.को लागि रकम सुनिश्चितता नभएको कारण दोश्रो न्युनतम कवोलदातालाई पत्राचार नगरिएकोले उक्त ०७६/६/१४ को बैठकबाट उक्त ठेक्का रद्द गरी जेनीथ कन्स्ट्रक्सन कम्पनीको सोही ठेक्का प्रयोजनको लागि राखेको धरौटी फिर्ता गर्ने या नगर्ने विषयमा मिति २०७६।०६।१४ उक्त ठेक्का रद्द गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाएकोमा तहाँबाट यस सन्दर्भमा स्पष्ट निर्देशन प्राप्त नभएको र उक्त कम्पनीले धरौटी फिर्ताको लागि पुनः निवेदन पेश गरेकोले उक्त ठेक्का प्रयोजनको लागि राखेको धरौटी फिर्ता दिने निर्णय गरियो ।

नि.नं. १०.११ः प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्थानीय उपभोक्ता समितिको लागत सहभागितामा संचालन गर्न छनौट गरिएका योजनामा विनियोजन गरिएकोरू १०,००,०००/सम्मको बाटो कालोपत्रे गर्ने कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

नि.नं. १०.१२ प्रस्ताव नं १२ माथी छलफल गर्दा यस नगरपालिकाको छैंटौ नगरसभा मिति ०७६।११।३० गर्ने भनिएकोमा १ दिन पछि ०७६।१२।०१ गते गर्ने निर्णय गरियो ।

नि.न १०.१३ प्रस्ताव नं १३ माथी छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६/०७७ को श्रावण देखि हाल सम्मको आय-व्यय निम्नानुसार रहेको जानकारी पाईयो ।

| बजेट अनुमान | आय | आय प्रतिशत | खर्च तर्फ | | प्रतिशत |
|---|---|---|---|---|---|
| ८३४३१७८४२.९ | ४३२१७८०४२.१० | ५२ | | | |
| | आन्तरिक आय तर्फ | | | | |
| ५०३२७०००० | ३३३१०४५.२१ | ६७ | पूँजीगत खर्च | ६४६३९६८९.२२ | १४ |
| | | | चालु खर्च | १६२९०६०२.०८ | ४८ |

नि.नं. १०.१३ प्रस्ताव नं १३ (क) माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ पनही गाउँमा रहेको अन्दाजी ३ विगाहा क्षेत्रफलमा फैलिएको सार्वजनिक पोखरीमा ५० घरधुरीले माछापालन गर्दै आईरहेकोमा उक्त माछा पोखरीमा किटनाशक विषादी औषधी हाल्ने क्रममा ३ लाख वरावरको माछाको भुरा क्षति भएको व्यहोराको सम्वन्धित वडाको सिफारिस सहित ईलाका प्रहरी कार्यालयको सर्जमिन मुचुल्का पेश हुन आएकोले विपद् व्यवस्थापन कोषमा रहेको रकम मध्येबाट रू. १,००,०००.० रकम उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३ माथि छलफल गर्दा खरको छानो विस्थापन कार्यक्रम अन्तरगत वडा नं ५ का ३ घरधुरी. ले गत.व.मा टीनको छाना लगाउने कार्य सम्पन्न गरी भूक्तानीको लागि चालु आ.व.मा फाइल पेश गरेको तर विल भर्पाई समेत गत आ.व कै रहेकोले भूक्तानी प्रकृया राकिएको हुँदा चालु आ.व. ०७६/७७ को लागि समपुरक कोषमा विनियोजित शिर्षकबाट रू १,२०,००० भूक्तानी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।